# *रहर* कवितामा प्रतीक विधान

वीरेन्द्र थोक्लिहाङ
सहायक प्राध्यापक
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा, नेपाल
email: lbirendra86@gmail.com
https://doi.org/10.3126/kj.v4i1.89143

## लेखसार

प्रस्तुत अध्ययनको मुख्य उद्देश्य स्वच्छन्दतावादी तथा प्रगतिवादी कवि हरिभक्त कटुवालको 'रहर' कवितामा प्रयुक्त प्रतीकको विश्लेषण गर्नु रहेको छ । उक्त कवितामा के, कस्ता र कति प्रतीक प्रयोग गरिएका छन् तिनको खोज गरिएको छ । यस अध्ययनमा उक्त प्रतीकको समुचित प्रयोगले कवितालाई अर्थवान, चमत्कारपूर्ण र जादुमय बनाउन के, कस्तो भूमिका खेलेको छ भन्ने कुराको खोज गरिएको छ । कवि कटुवालका धेरै कविताहरूमध्ये 'रहर' कवितामा प्रयुक्त प्रतीकको मात्र अध्ययन गरिएको छ । लेखमा द्वितीय सामग्री र तथ्याङ्कहरू सङ्कलन गरी प्राप्त सामग्रीको व्याख्या विश्लेषण गरिएको छ । यसमा प्रतीकको सामान्य परिचय दिएर तिनका प्रतीकात्मक अर्थमाथि चर्चा गरिएको छ । प्रस्तुत कविता प्रतीकको प्रभावकारी प्रयोगले उत्कृष्ट बनेको छ । यसमा प्रयुक्त प्रतीकले कवितालाई स्तरीय, रोचक र अर्थवान बनाएको छ । कवितामा प्रयुक्त प्रतीकले अर्थमा चमत्कार र जादु ल्याएको छ भन्ने यस लेखको निष्कर्ष रहेको छ ।

***शब्दकुञ्जी* :** प्रतीक, विधान, उजिल्याउनु, चमत्कार, अर्थवान ।

## परिचय

स्वच्छन्दतावादी, प्रगतिवादी तथा विसङ्गतिवादी कवि हरिभक्त कटुवाल (वि.सं. १९९२-२०३७) को यो जिन्दगी खै के जिन्दगी (कविता सङ्ग्रह, २०२९) मा सङ्गृहित 'रहर' कवितामा सामाजिक र ऐतिहासिक क्षेत्रका प्रतीकहरू प्रयोग गरिएका छन् । गद्य शैलीमा लेखिएको उक्त कविताको संरचना २३ ओटा हरफमा बनेको छ । १२० शब्द भएको प्रस्तुत कवितामा खास गरेर कविले इतिहास पढी विगतका कुरामा अल्मलिनु भन्दा वर्तमान समय सान्दर्भिक काम गर्न आफ्नो रहर भएको सार दिएका छन् । विसङ्गतिवादी जीवनदृष्टि, समसामयिकता तथा व्यङ्ग्यात्मकता प्रस्तुत गरिएको उक्त कवितामा नवीनतालाई स्वागत गरिएको छ ।

### समस्या कथन

कथ्य, विम्ब तथा प्रतीक, लय र भाषाशैली कविताका तत्त्वहरू हुन् । ती तत्त्वहरू मध्ये प्रतीक एक महत्त्वपूर्ण तत्त्व हो । यसले कविताको अर्थमा चमत्कार ल्याएर उत्कृष्ट बनाउँछ । प्रस्तुत कवि हरिभक्त कटुवालको यो जिन्दगी खै के जिन्दगी (कविता सङ्ग्रह, २०२९) मा सङ्गृहित 'रहर' कवितामा प्रयोग भएका प्रतीकले कवितालाई अर्थवान बनाएको छ कि छैन, प्रस्तुतिमा चमत्कार ल्याएको छ कि छैन,

कवितालाई उजिल्याएको छ कि छैन, कवितालाई मिठास बनाउँदै जादुमय बनाएको छ कि छैन भन्ने यो अध्ययनको समस्या हो ।

## अध्ययनको उद्देश्य

उपर्युक्त 'रहर' कवितामा केन्द्रित रहेर सो कवितामा प्रयुक्त प्रतीकको बारेमा अध्ययन र खोज गर्ने यो लेखको उदेश्य रहेको छ । उक्त कवितामा केकस्ता प्रतीक प्रयोग भएका छन् ? ती प्रतीकले कवितामा कस्ता अर्थ बोकेका छन् ? ती अर्थले कवितामा के कस्ता चमत्कार ल्याएका छन् ? कवितालाई उजिल्याउन के कस्ता भूमिका खेलेका छन् भन्ने यस लेखको समस्यालाई सूक्ष्मरूपमा अध्ययन गरी तिनको व्याख्या विश्लेषण गर्नु यसको उद्देश्य हो ।

## अध्ययनको परिसीमा

कवि हरिभक्त कटुवालका धेरै कविता सङ्ग्रहहरू प्रकाशित छन् । तीमध्ये 'यो जिन्दगी खै के जिन्दगी' ( कविता सङ्ग्रह, २०२९) पनि एक हो । यसमा सङ्गृहित धेरै कविताहरू मध्ये 'रहर' कवितामा प्रयुक्त प्रतीकको मात्र यस लेखमा अध्ययन गरिएको छ । भाव वा कथ्य, लय, विम्ब तथा प्रतीक वा अलङ्कार, भाषाशैली र दृष्टिबिन्दु वा कथन पद्धति कविताका तत्त्वहरू भएपनि ती मध्ये प्रतीक विधानको मात्र यस लेखमा अध्ययन गरिनु यस लेखको अध्ययन परिसीमा हो ।

## पूर्वकार्यको समीक्षा

प्रतीक कविताका तत्त्वहरूमध्ये एक हो । यसले कवितालाई जादुमय, अर्थवान र चमत्कारपूर्ण बनाएर उजिल्याउने काम गरेको हुन्छ । यसले कवितालाई उत्कृष्टता दिन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ प्रतीक विधान कविताको महत्त्वपूर्ण तत्त्व हो । त्यसैले यस अध्ययनको औचित्य छ । प्रतीक नेपाली कविताहरूमा प्रशस्त प्रयोग भएका छन् । तसर्थ यसको अध्ययन क्षेत्र व्यापक छ ।

शब्दले दिने सामान्य अर्थभन्दा भिन्न अर्थ बुझाउने वा व्यञ्जनार्थ प्रस्तुत गर्ने माध्यम प्रतीक हो । कवितामा प्रस्तुतबाट अप्रस्तुत, उपस्थितबाट अनुपस्थित, दृश्यबाट अदृश्य सन्दर्भ बुझाउन प्रतीक विधानको आयोजना गरिन्छ । वस्तु वा विषयको भाव पक्षलाई उद्घाटन गर्ने चिन्ह, लक्षण वा निसाना नै प्रतीक हो ( कोइराला र भट्टराई, २०६७, पृ. १९) । समाजका विभिन्न प्रसङ्गलाई छनोट गरी प्रतीक एवम् विम्बबाट कवितालाई सुन्दर र कलात्मक तुल्याइन्छ । नेपाली साहित्यमा लेखनाथ पौड्यालको कविता 'गौंथलीको चिरिबिरी' मा गौंथली अनाथको प्रतीक बनेको छ । लक्ष्मीप्रसाद देवकोटाको 'साँढे' कवितामा साँढे राणाशासनको प्रतीक बनेको छ । युद्धप्रसाद मिश्रको 'ज्वालामुखीको शिखा' कवितामा ज्वालामुखी क्रान्तिको प्रतीक बनेको छ । त्यसैले सामान्यतः अमूर्त, अदृश्य, अश्रव्य र अप्रस्तुत मान्यतालाई प्रतीकले प्रकट गरिरहेको हुन्छ (कोइराला र भट्टराई, २०६७, पृ. २०) ।

प्रतीकका माध्यमबाट कुनै एउटा वस्तुलाई आफ्नो अर्थभन्दा भिन्न अर्थमा प्रयोग गरी भावलाई विशिष्ट ढङ्गले कलात्मकता प्रदान गर्छ । प्रतीकहरू सांस्कृतिक, परम्परित, व्यक्तिगत, स्थानीय, विश्वव्यापी आदि प्रकारका हुन्छन् (कोइराला र भट्टराई, २०६७, पृ.३२०) जसले हरेक क्षेत्रका अव्यक्त भावलाई व्यक्त गर्दछ ।

प्रतीकको अर्थ अलि व्यापक छ । नेपाली बृहत् शब्दकोश (२०४०) को पृष्ठ २८८ मा यसको जम्मा पाँचओटा अर्थ दिइएको छ । ती मध्ये १ मा 'समान गुणका आधारमा दृश्य वा अदृश्य अन्य कुनै वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको वस्तु वा चिनु' भनिएको छ । जुन वस्तुले जेको प्रतीक बनाइन्छ तीबिच गुणमा समानता हुनुपर्ने उल्लेख छ । ती वस्तु मूर्त (दृश्य) हुन पनि सक्छन् र नहुन पनि सक्छन् भनेर खुलाइएको छ । त्यसरी नै २ मा 'अन्य कुनै वस्तुको भावनात्मकता वा प्रतिनिधित्वका रूपमा व्यवहार चलाइने अर्को कुनै पदार्थ' भनिएको छ । यहाँ भावनाको सट्टा ठोस वस्तुको रूपमा दिइने वस्तु प्रतीक हुन्छ भनिएको छ । ३ मा चिह्न, लक्षण, निसानालाई प्रतीक मानिने कुरो उल्लेख छ । त्यसरी नै ४ मा चित्र, मूर्ति, प्रतिमूर्ति, प्रतिमा आदि प्रतीक हुन भनिएको छ र ५ मा 'कुनै एउटा मन्त्र, श्लोक, वाक्य, आदिको पूरा अर्थबोध गराउन राखिएको कुनै अर्को पद, अक्षर आदि' लेखिएको छ । यहाँ समान गुण भएका पद अक्षर पनि प्रतीक हुन भनिएको छ (पोखरेल, बालकृष्ण र अन्य, सम्पा. *नेपाली बृहत् शब्दकोश,* २०४०, पृ. २८८) ।

हालसम्म कवि हरिभक्त कटुवालका विविध कविताहरूको खोज अध्ययन गरिएको भए पनि 'रहर' कवितामा प्रयोग गरिएका प्रतीकको खोज अध्ययन गरेको पाइएको छैन । यो यस लेखको अनुसन्धान रिक्तता हो । त्यसैले यो अध्ययनको औचित्य छ ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक अनुसन्धान ढाँचामा गरिएको छ । पुस्तकालयीय विधिका आधारमा सहायक सामग्रीहरूको सङ्कलन गरी तिनको प्रयोग गरिएको छ । अग्रज विद्वान्हरूका लेख रचना र पुस्तकलाई सूचना प्राप्तिका महत्त्वपूर्ण स्रोत मानिएको छ । यो अनुसन्धानका विविध विधिमध्ये वर्णनात्मक विधिबाट गरिएको छ । यस अध्ययनबाट प्राप्त सामग्रीको व्याख्या विश्लेषण गरिएको छ ।

## 'रहर' कवितामा प्रयुक्त प्रतीकको विश्लेषण

कवि हरिभक्त कटुवालको 'रहर' कवितामा मरेका दिन, खिया लागेका कलका पुर्जा, इतिहासका पाना, फ्रेम हालेर राख्ने आदर्श, बनिसकेको बाटो, इतिहासको ठेली, कोदालो, पाखुरा, पैतालाले नाप्नु, अग्ला टाकुरा, धरतीले बोकाएको ऋण गरी जम्मा ११ ओटा प्रतीकको प्रयोग गरिएका छन् । तिनीहरूका सामान्यार्थ र प्रतीकात्मक अर्थ तल प्रस्तुत गरिएको छ ।

| **प्रतीक** | **सामान्यार्थ** | **प्रतीकात्मक अर्थ** |
|---|---|---|
| १.मरेका दिन | मृत्यु भएको बार | उपयोग नहुने समय |
| २.खिया लागेका कलका पुर्जा | कसले खाएको मसिनका यन्त्र | काम नलाग्ने कुरा वा वस्तु |
| ३.इतिहासका पाना | विगतका कुरा लेखिएको पुस्तकको पृष्ठ | हाल काम नलाग्ने चर्चा |
| ४.फ्रेम हालेर राख्ने आदर्श | फोटो फ्रेममा राख्ने अनुकरणीय वस्तु | हेर्न मिल्ने तर उपयोगमा नआउने |

| | | |
|---|---|---|
| ५.बनिसकेको बाटो | खनेर तयार पारेको बाटो | सजिलो तरिका, अरुले गरेको कामको पुनरावृत्ति |
| ६.इतिहासको ठेली | पुराना कुरा लेखिएको चाङ | वर्तमानमा काम नलाग्ने कुरा |
| ७.कोदालो | फलामबाट बनाइएको खन्ने साधन | विकास गर्ने साधन |
| ८.पाखुरा | कुम र नाडी बिचको भाग | जाँगर |
| ९.पैतालाले नाप्नु | पाइलाले लम्बाइ पत्ता लगाउनु | कर्म गरेर देखाउनु |
| १०.अग्ला टाकुरा | माथिल्लो शिखर | चुनौती |
| ११.धरतीले बोकाएको ऋण | धरतीको कर्जा | जन्मभूमिप्रतिको दायित्व |

उपर्युक्त तालिकाको  आधारमा 'रहर' कविताको सामान्यार्थ र प्रतीकात्मक अर्थको व्याख्या विश्लेषण यस प्रकार गरिएको छ ।

**मरेको दिन**

मरेका दिनको सामान्य अर्थ मृत्यु भएको बार हो । कवितामा इतिहासलाई मरेका दिनको संज्ञा दिएर कविले इतिहासका दिनहरूको मृत्यु भएकाले ती काम लाग्दैनन् भनेर भनाइमा रोचकता ल्याएका छन् । मरेका दिन र इतिहासमा समानता हुनाले यसले प्रतीकात्मक अभिव्यक्ति दिएको छ । यसले कविताको भावमा चखिलोपन ल्याएको छ ।

**खिया लागेको कलका पुर्जा**

खिया भनेको फलामा लाग्ने कस हो । यसले फलामलाई नोक्सान पुऱ्याउँछ । फलामबाटै कलका पुर्जा बनाइन्छ । तर ती कलका पुर्जामा खिया लाग्यो भने पुर्जाका कारण कलले काम गर्दैन । खिया लागेको कलका पुर्जा र पुरानो शिक्षा पद्धतिमा समानता छ भन्ने अर्थ दिन कविले यो प्रतीक प्रयोग गरेका छन् । जसरी खिया लागेको कलका पुर्जाबाट काम चल्दैन त्यसरी नै पुरानो शिक्षा प्रणालीबाट केही हुँदैन भन्ने अभिव्यक्तिमा तीव्रता खिया लागेको कलका पुर्जा प्रतीकले दिएको छ ।

**इतिहासका पाना**

सामान्यतया इतिहासका पाना भन्नाले इतिहास लेखिएको पृष्ठ भनेर बुझिन्छ । इतिहासको पानाको वर्तमानमा काम छैन । काम नलाग्ने पानाको विषयवस्तु हुनमा केही गौरव कविले देख्दैनन् । त्यसैले बिना महत्त्वको चर्चा र इतिहासको पानामा समान गुण छ । त्यसैले कथा वा गफमा मात्र सीमित तर व्यवहार र उपयोगमा शून्य भन्ने अर्थ इतिहासको पानाले दिएको छ । कविको त्यस्तो निरर्थक पानामा नाम लेखाउने रहर नभएको भाव दिन यो प्रतीक सफल छ ।

**फ्रेम हालेर राख्ने आदर्श**

महत्त्वपूर्ण स्मृति वा विरासतको स्मरण गराउने फोटालाई जतन गरेर फ्रेममा हालेर राखिन्छ तर ती फोटा सम्झेर आत्म गौरव गर्नसिवाय अरुमा प्रयोग हुँदैन । कतिपय आदर्शहरू फ्रेममा राखेका फोटाजस्तै हुन्छन् । ती हेरेर गौरव गर्न मिले पनि त्यसबाट केही प्राप्त हुँदैन भन्ने भाव प्रस्तुत प्रतीकले व्यक्त गरेको छ ।

**बनिसकेको बाटो**

बनिसकेको बाटो पदावलीको सिधा अर्थ तयार पारिएको मार्ग हुन्छ । कविले यसलाई सजिलो, जोखिमहीन र अरुले गरेको कामको पुनरावृत्ति भन्ने अर्थमा प्रयोग गरेका छन् । यो कुनै प्रशंसनीय कार्य होइन । समाजलाई केही योगदान दिने हो भने बनिसकेको बाटामा हिँडेर दिन सकिँदैन । त्यसका लागि आफैं बाटो बनाएर हिँड्नु पर्छ भनेका छन् । कवितामा यो प्रतीकको अर्थ नयाँ काम गर्नु भन्ने हुन्छ ।

**इतिहासका ठेली**

बितेका समयमा भएका घट्नाहरू लेखिएको ठुलो पुस्तकलाई इतिहासको ठेली भनिन्छ । त्यस्ता ठेली अथवा चाङ अहिले न खान हुन्छ न लाउन नै । बाँदरको पुच्छर लौरो न हतियारको रूपमा रहेको इतिहासको ठेली पढेर बुझेर केही उपलब्धि हुँदैन । यसको सट्टा केही उपयोगी काम गर्ने आफ्नो रहर भएको कवि बताउँछन् । अनुपयोगी कुराको प्रतीक हो इतिहासको ठेली ।

**कोदालो**

कोदालो भनेको फलामको खन्ने साधन हो । खनेर विकास गरिने हुनाले यसलाई विकासका साधनको प्रतीक मानिन्छ । प्रस्तुत कवितामा कवि इतिहासका ठेली समाउने हातले विकासको साधन कोदालो समाउन रहर गर्छन् । विकासको साधनको प्रतीकको रूपमा कविले कोदालाको सान्दर्भिक प्रयोग कवितामा गरेको पाइन्छ । यसले अर्थमा मिठास ल्याएको छ ।

**पाखुरा**

सामान्यतया कुमभन्दा तल र कुहिनोभन्दा माथिको मानव अङ्गलाई पाखुरा भनिन्छ । जाँगरिला मानिसले मात्र पाखुरा चलाउने भएकाले पाखुराको प्रतीकात्मक अर्थ जाँगर हो । कवि आफ्नो पाखुराले इतिहासको ठेली उठाउन होइन कोदालो मच्चाउन चाहन्छन् । पाखुरालाई जाँगरको प्रतीकको रूपमा प्रयोग गरेर कविले कविताको अर्थ उजिल्याएका छन् ।

**पैतालाले नाप्नु**

पैतालाले नाप्नु भनेको कति पाइलाको दुरी भयो त्यो निकाल्नु यसको सिधा अर्थ हो । यसको प्रतीकात्मक अर्थ मिहेनतले काम गर्नु हो । केवल योजना बनाउँदै भत्काउँदै बस्नेमात्र होइन, अनेकौं चुनौतीका वाबजूद

केही काम गरेर देखाउने आफ्नो रहरलाई मिठो अर्थ दिन यो पैतालाले नाप्नु शब्दावलीलाई प्रतीकको रूपमा कविले प्रयोग गरी अर्थमा चमत्कार ल्याएका छन् ।

### अग्ला टाकुरा

अग्ला टाकुरा भनेको उच्च शिखर हो । उच्च शिखर मानिसका लक्ष्यको प्रतीक हो । अग्ला टाकुरामा जो कोही सजिलै पुग्न सक्तैन । यसको मतलव जोसुकैले लक्ष्य प्राप्त गर्न सक्तैन तर जो शिखर पुग्छ उसको समाजमा अर्कै महत्त्व हुन्छ । त्यस्तै केही अप्ठ्यारा काम गरेर देशवासी हुनको कर्जा भुक्तानी गर्नु छ भन्ने अर्थका लागि चुनौतीको प्रतीकको रूपमा कविले अग्ला टाकुरा प्रतीकको प्रयोग गरेका छन् । यसले कविको उत्कृष्ट काम गर्ने भावनाको सटिक अर्थ प्रदान गरेको छ ।

### धरतीले बोकाएको ऋण

ऋण भनेको कर्जा हो । कुनै ठाउँमा जन्मनुको नाताले सचेत व्यक्तिको केही जिम्मेवारी हुन्छ । त्यो नै धरतीले बोकाएको ऋण हो । देशले के दियो होइन, देशलाई के दिएँ भनेर सोच्ने महान् आत्माहरू धरतीले बोकाएको ऋण तिर्न छट्पटिन्छन् । कविले पनि मातृभूमिप्रतिको जिम्मेवारी पूरा गर्न मैले केही गर्नुपर्छ भन्ने सुन्दर अभिव्यक्तिका लागि धरतीले बोकाएको ऋण पदावलीलाई प्रयोग गरेका छन् । यहाँ ऋणले जिम्मेवारीको समान अर्थ बोकेको छ । यसले जिम्मेवारीको प्रतीकात्मक अर्थमा स्वभाविक चमत्कार ल्याएको छ ।

यसरी माथिको व्याख्या विश्लेषणलाई हेर्दा प्रयुक्त प्रतीकहरूले ‘रहर’ कवितालाई अर्थवान, मिठास, चखिलो, जादुमय, चमत्कारपूर्ण र निसन्देह बनाएको छ ।

## नतिजाको विवेचना

उपर्युक्त प्रतीकको व्याख्या विश्लेषण हेर्दा तिनीहरूले ‘रहर’ कविताको अर्थमा चमत्कार ल्याएको छ । यहाँ प्रयोग भएका ११ ओटा सामाजिक र ऐतिहासिक क्षेत्रका प्रतीकहरूले कवितामा निम्नानुसार अर्थमा जादु ल्याएको छ ।

इतिहास भनेको मरेका दिन हुन् । जसरी मृत्युपछि केहीको केहीमा काम आउँदैन त्यसरी नै इतिहास चर्चाको दैनिक जीवनमा कुनै प्रयोजन छैन । त्यसैले कविले कवितामा इतिहासलाई मरेका दिनको संज्ञा दिएर इतिहासका दिनहरू काम नलाग्ने दिन भनी अभिव्यक्तिमा चखिलोपन ल्याइएका छन् । जसरी खिया लागेको कलका पुर्जाबाट कुनै काम चल्दैन त्यसरी नै पुरानो शिक्षा प्रणालीबाट अब वर्तमान समाज अघि बढ्न सक्दैन भन्दै गणितका सुत्रहरू बेकम्माका प्रतीक हुन भनेर कविले अभिव्यक्ति शक्तिशाली बनाएका छन् । सामान्यतया इतिहासको पृष्ठमा बितेका समयको चर्चा हुने भएकाले त्यो वर्तमान अवस्थामा प्रयोजनहीन हुन्छ । प्रस्तुत कवितामा यस पदावलीलाई कुरा वा कथामा मात्र सीमित तर व्यवहारमा नआउने भन्ने अर्थका लागि प्रतीकात्मक प्रयोग गरेको पाइन्छ । धेरै मानिसहरू कपोलकल्पित तथा यथार्थभन्दा टाढाको कुरो गरेर समय बरबाद गर्छन् । यसो गर्नुभन्दा गर्न सकिने राम्रा काम गर्न कविले आग्रह गर्न यो भोग्न सकिने यथार्थ पदावलीलाई प्रतीकका रूपमा प्रयोग गरेका छन् । जुन कुरो उपभोग हुन्न त्यसको कुनै महत्त्व छैन भन्न यो प्रतीक सार्थक छ ।

त्यसैगरी बनिसकेको बाटाको सिधा अर्थ तयार पारिएको मार्ग हुन्छ । कविले यसलाई सजिलो र जोखिमहीन काम गर्नु भन्ने अर्थमा प्रतिविम्बित गरेका छन् । यसले पनि काम त केही जोखिम उठाएर नयाँ आविष्कार हुनेगरी गर्नुपर्छ भन्ने भाव सम्प्रेषण गर्न सफलता भएको छ । योजना बनाउँदै बस्ने तर व्यवहारमा सिन्को नभाँच्ने प्रवृत्तिको विरुद्ध चुनौतीका वाबजूद केही काम गर्ने आफ्नो रहर रहेको स्पष्ट पार्नलाई मिठो अर्थ दिन पैतालाले नाप्नु पदावलीको प्रतीक कविले प्रयोग गरेका छन् । कुनै ठाउँमा जन्मनुको नाताले केही जिम्मेवारी हुन्छ । त्यो पूरा गर्न केही गर्नुपर्छ भन्ने सुन्दर अभिव्यक्तिका लागि धरतीले बोकाएको ऋण पदावली कविले प्रयोग गरेका छन् । यहाँ ऋणलाई जिम्मेवारीको समान अर्थमा प्रयोग गरी प्रतीक बनाइएको छ । टाकुरामा जो कोही सजिलै पुग्न सक्तैन । शिखर चुम्नलाई अप्ठ्यारो र साहसिक काम मानिन्छ । केही उपयोगी काम गरेर देशवासी हुनको कर्जा भुक्तानी गर्नु छ भन्ने अर्थका लागि टाकुरा प्रतीकको रूपमा कविले प्रयोग गरेका छन् । विकासको साधनको प्रतीकको रूपमा कविले कोदालाको सान्दर्भिक प्रयोग कवितामा गरेको पाइन्छ । जाँगर बुझाउन पाखुराको प्रयोग प्रतीकात्मक रूपमा कविले प्रयोग गरेर कविताको अर्थ उजिल्याएका छन् ।

यसरी कवि हरिभक्त कटुवालको ‘रहर’ कवितामा प्रयोग भएका यी प्रतीकहरूले कवितालाई मिठो बनाएको छ । अर्थमा जादु भरेको छ । कवितालाई उजिल्याएको छ । यसले श्रुतिमाधुर्यता थपेको छ । सरस बनाएको छ । ११ ओटा प्रतीकले कवितालाई आह्लादित बनाएको छ ।

## निष्कर्ष

यसरी हेर्दा कवि हरिभक्त कटुवालको ‘रहर’ कवितामा २३ ओटा हरफ र १०२ ओटा शब्द प्रयोग गरिएका छन् । आकारको दृष्टिले यो छोटो कविता हो । शब्द, हरफ र आकारको तुलनामा ११ ओटा प्रतीक प्रयोग गरिनु भनेको अत्याधिक प्रयोग हो । तसर्थ यो प्रतीकमय कविता हो । कवि हरिभक्त कटुवाल कवितामा अत्याधिक प्रतीक प्रयोग गर्न रुचाउने कवि हुन् । प्रस्तुत कवितामा प्रतीकले प्रस्तुतिमा जादु र अर्थमा चमत्कार ल्याएको छ । त्यसैले कविता श्रुतिमाधुर्य, चखिलो, चोटिलो, मिठो, जादुमय र अर्थवान छ । यसले कलात्मक भाषिक प्रस्तुतिका साथै भावमा मिठास थपेको छ । त्यसैले यो कविता उत्कृष्ट बनेको छ ।

## सन्दर्भ सामग्री

कटुवाल, हरिभक्त. (२०२९). *यो जिन्दगी खै के जिन्दगी.* साझा प्रकाशन ।

कोइराला, नरेन्द्रप्रसाद र भट्टराई, राजन. (२०६७).*आधुनिक नेपाली कविता काव्य (गीत गजल).*नालन्द प्रकाशन प्रा.लि.।

खतिवडा, लेखराज. (२०८०). *आधुनिक नेपाली गीत तथा गजल.* एकता बुक्स प्रा.लि.।

पोखरेल, बालकृष्ण र अन्य. (सम्पा.२०४०). *नेपाली बृहत् शब्दकोश* .नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, रामप्रसाद र कडेल, श्रीप्रसाद. (२०७६). *नेपाली कविता र काव्य.* शुभकामना प्रकाशन प्रा.लि.।